पाठ १

# विवाह के हो

विवाह ईश्वरीय योजनाको उत्पादन नै हो। मानव-जातिले यसको विचार गरेको वा शुरू गरेको होइन– परमेश्वरले नै यसको *सृष्टि* गर्नुभएको हो। अदनको बगैंचामा नै उहाँले यसको शुरू गर्नुभएको हो। आफ्नो वचनभरि नै उहाँले यसको प्रशंसा गर्नुभएको छ। काना शहरको विवाहमा भएको येशूको उपस्थितिले यसलाई निश्चित तुल्याएको छ। ईश्वरीय सिद्धान्तहरूको आधारमा सम्पन्न गरिएको विवाहले आफ्नो एकलेसियासँग भएको ख्रीष्टको सम्बन्धको बारेमा कसरी प्रकट गरेको छ सो तपाईंले यस पाठमा अध्ययन गर्नुहुनेछ।

"टुक्रा-टुक्रा एकैसाथ मिलाएर बनाइएको *"टोकरी"*-सँग कसै-कसैले विवाहको तुलना गर्छन्। यसमा कड़ा भागलाई खुर्कने, टाँस्ने, हतौडिले अलि-अलि हान्ने, धूलो झार्ने, मैन लगाउने र पालीस लगाउने काम हुनुपर्छ। तर यसको नतिजाचाहिँ अति नै असल हुन्छ।




परमेश्वरको वचनमा दिइएको तरीका र निर्देशनअनुसार सम्पन्न गरिएको विवाह नै असल र प्रभावशाली विवाह हो।

**यस पाठमा तपाईंले यी कुराहरूको अध्ययन गर्नुहुनेछ. . .**

विवाहः परमेश्वरले दिनुभएको विधि
विवाहः विशेष सम्बन्ध
विवाहः पवित्र सम्बन्ध
विवाहः संसारको निम्ति महत्त्वपूर्ण

**यस पाठले तपाईंलाई यी कुराहरूमा सहायता पुऱ्याउनेछ. . .**

- परमेश्वरले कहिले र किन विवाह सुसम्पन्न गर्नुभयो सो बताउन।

- विवाहको निम्ति भएको परमेश्वरको योजना र तरीकालाई वर्णन गर्न।
- परिवारको दीर्घायु प्रभावको सूची बनाउन।

## विवाह परमेश्वरले दिनुभएको विधि

### मानिसलाई आशिष् पुऱ्याउन परमेश्वरद्वारा दिइएको

विवाह मात्र यस्तो विधि वा संगठन हो, जुनचाहिँ संसारमा पापको प्रवेश हुनुभन्दा पहिल्यै शुरू भएको थियो। हामीहरू यस विषयमा परमेश्वरको वचन बाइबलमा पढ्छौं।

> फेरि परमप्रभु परमेश्वरले भन्नुभयो, "मानिस एकलो रहन असल छैन, म त्यसको निम्ति त्यसलाई सुहाउने एउटा सहयोगी बनाउनेछु।" यसैकारण परमप्रभु परमेश्वरले आदमलाई मस्त निद्रामा पार्नुभयो, र तिनी निदाएको बेलामा तिनको करङ्गहरूमध्येको एउटा निकालेर त्यसको ठाउँमा मासु भरिदिनुभयो। जुन करङ्ग परमप्रभु परमेश्वरले मानिसबाट निकाल्नुभएको थियो, त्यसबाट एउटा स्त्री बनाएर मानिसकहाँ ल्याउनुभयो (उत्पत्ति २:१८,२१)।

#### तपाईंको अभ्यासको निम्ति

*तपाईंको अभ्यासको निम्ति* भनिने खण्डहरूमा उल्लेखित प्रश्नहरू वा अभ्यासहरूले तपाईंले भर्खरै अध्ययन गर्नुभएको कुरालाई दोहोऱ्याउन वा प्रयोग गर्नको निम्ति तपाईंलाई सहायता गर्छन्। हामीले दिएको उत्तर हेर्नुभन्दा पहिले प्रत्येक प्रश्नको उत्तर दिनुहोस् वा प्रत्येक अभ्यास पूरा गर्नुहोस्।

१ संसारमा पाप आउनुभन्दा पहिले नै स्थापित भएको एक मात्र विधि वा संगठन कुन हो?

..............................................................................

२ पहिलो स्त्रीलाई कसरी बनाइएको थियो?

..............................................................................

३ पहिलो विवाह विधिमा कसले पहिलो मानिस र स्त्री एक-अर्कालाई दिएको थियो?

..............................................................................

४ उत्पत्ति २:२३-२४ पढ्नुहोस् र प्रत्येक **ठीक** बयानको अगाड़िको अक्षरलाई घेरा लगाउनुहोस्।

**क** परमेश्वरले आदमको जीवन-साथीलाई 'स्त्री' भनी नाम दिनुभयो।

**ख** 'तिनीहरू एकै हुनेछन्,' भनी जब बाइबलले मानिस र स्वास्नीमानिसको बारेमा बताउँछ, यसले विवाहलाई सम्बोधन गरेको हुन्छ।

**ग** परमेश्वरले भूमिको माटोबाट स्त्रीलाई बनाउनुभएन।

**पछ्याउनुपर्ने तरीकासाथ दिइएको**

संसारमा पाप आउनुभन्दा अगाड़ि नै परमेश्वरले आदमको निम्ति जीवन-साथी हुनको लागि हव्वालाई बनाउनुभयो भन्ने कुरा हामीले देख्यौं। परमेश्वर आफैले नै मानिस र स्वास्नीमानिसलाई वैवाहिक सम्बन्धमा जोड्नुभयो र यस्तो कार्य तिनीहरूका निम्ति परमेश्वरको सिद्ध योजना थियो। अदनको बगैंचाको सिद्ध वातावरणमा परमेश्वरले विवाहलाई संलग्न गर्नुभएको हुनाले सबै समयमा सबै मानिसहरूका निम्ति उहाँले दिनुभएको नमूना यही नै हो भनी हामी स्वीकार गर्न सक्छौं।

मानिसहरूले विवाह गर्दा परमेश्वरलाई आनन्द लाग्छ, तर विवाहको निम्ति उहाँले विशेष स्तरहरू तोक्नुभएको छ। आफ्ना मानिसहरूले यी स्तरहरू पालन गरेको र विवाहको निम्ति उहाँले तिनीहरूलाई दिनुभएको नमूनाअनुसार चलेको उहाँ चाहनुहुन्छ।

अभाग्यवस, अदनको बगैंचामा पापको प्रवेश भयो। परमेश्वरले मानिसलाई दिनुभएका धेरै आशिष्‌हरूलाई त्यस बेलादेखि पापले बङ्गाउने र बिगार्ने काम गरिराखेको छ। पापले लाखौं, विवाहहरूलाई बिगारेको छ। परमेश्वरले चाहनुभएजस्तै गरी यदि तपाईं आफ्नो वैवाहिक सम्बन्धमा आनन्द मनाउन चाहनुहुन्छ भने, उहाँले आफ्नो वचन बाइबलमा दिनुभएको नमूनालाई पालन गर्नुहोस्।

पहिलेको भन्दा पनि अझ धेरै आज विवाह र घरमा हमला भइराखेको छ। विवाह गर्ने कुरालाई कोही-कोहीले त्यागिदिन्छन् र विवाह नगरीकनै केही समयको लागि केटा र केटी एकैसाथ पनि बस्छन्। यस्तो अस्थायी सम्बन्ध चाहेको खण्डमा तुरुन्तै तोड्न सकिन्छ। संसारका धेरै भागहरूमा दुइ-तीहाई विवाहहरू छोडपत्रमा टुङ्गिन्छन्। यस्तो चलन परमेश्वरको वचनमा दिइएको उहाँको नमूनाको पूरा विरोधमा छ। उहाँको सुभेच्छा यही नै छ कि तपाईंको विवाह यस्तो सम्बन्ध होस्, जहाँ उहाँले आफ्नो प्रेम तपाईंमा प्रकट गर्न सक्नुहुन्छ। तपाईंले उहाँको अगुवाइ र नमूना पालन गरेर उहाँलाई आदर गर्नुभयो भने मात्र यो हुन सक्छ।

बाइबलले विवाह र घरको बारेमा हामीलाई धेरै शिक्षा दिएको छ। यस पुस्तकलाई अध्ययन गरिरहनुभएका तपाईंहरू-मध्ये कोही-कोहीले अझै विवाह गर्नुभएको छैन होला। विवाह-को निम्ति भएको तपाईंको योजनामा परमेश्वरले तपाईंलाई अगुवाइ गर्नुभएको होस्। तपाईंहरू जस-जसले विवाह

गरिसक्नुभएको छ, तपाईंको विवाहलाई अझै असल र आनन्दित तुल्याउन यस पाठले सहायता पुऱ्याउन सक्छ भन्ने कुरा थाहा पाउनुहुनेछ।

**तपाईंको अभ्यासको निम्ति**

**५** केले लाखौं विवाहलाई खतम पारेको छ?

..................................................................................

**६** आनन्दित विवाहको उत्तम नमूना तपाईंले कहाँ पाउन सक्नुहुन्छ?

..................................................................................

**आत्मिक सत्यताहरू सिकाउन दिइएको**

परमेश्वरले तपाईंको निम्ति योजना गर्नुभएको विवाह, खीष्ट र उहाँको एकलेसियाको बीचमा भएको प्रेम, आदर, एकता र मित्रताको गहिरो नमूना हो। पुरानो करारमा परमेश्वरले आफैलाई आफ्ना मानिसहरूका पति भन्नुभएको छ। नयाँ करारमा एकलेसियालाई खीष्टकी दुलही भनिएको छ।

"यसकारण मानिसले आफ्ना बाबु-आमालाई छोड़ेर आफ्नी स्वास्नीसँग मिलिरहन्छ, र ती दुवै एउटै शरीर हुनेछन्। "यो एउटा गम्भीर रहस्य हो, अनि यो कुरा म खीष्ट र एकलेसियाको सम्बन्धमा बोल्दछु। जे भए पनि तिमीहरू हरेकले आफ्नी पत्नीलाई आफैलाई झैं प्रेम गर, र पत्नीले पनि आफ्ना पतिको आदर गरोस् (एफिसी ५:३१-३३)।

**तपाईंको अभ्यासको निम्ति**

७ एफिसी ५:३१-३३-को शिक्षालाई आदर गर्ने घरमा हुनुपर्ने प्रत्येक चरित्रको अगाड़िको अक्षरलाई घेरा लगाउनुहोस्।

**क** शान्ति
**ख** असन्तुष्टि
**ग** रीस
**घ** झगड़ा
**ङ** समझदारी
**च** आनन्द

८ परमेश्वरको प्रेमलाई प्रकट गर्ने किसिमको प्रेम निर्माण गर्नमा उहाँले तपाईंलाई सहायता गर्नुभएको होस् भनी के तपाईं प्रार्थना गर्नुहुन्छ?

## विवाहः एक विशेष सम्बन्ध

### पुरै जीवन भरीनै एक-अर्काको

विवाहमा स्त्री र पुरुषलाई वैधानिक र नैतिक किसिमले जीवनभरिको निम्ति एकसाथ बाँधिन्छ र दुवै जना अन्य शारीरिक सम्बन्धहरूबाट अलग बस्नुपर्छ। यसरी घरको स्थापना हुन्छ र परिवारलाई कायम राखिन्छ। पुरुष र स्त्रीलाई विवाहमा एकैसाथ जोड़ेपछि "तिनीहरू एउटै बन्छन्।"

**तपाईंको अभ्यासको निम्ति**

९ विवाह

**क** अस्थायी सम्बन्ध हो र जुनसुकै बेला पनि यसलाई खारेज गर्न सकिन्छ।

**ख** परमेश्वरको अगाडि स्त्री र पुरुषको स्थायी सम्बन्ध हो।

१० विवाहमा स्त्री र पुरुषलाई ........ र .................. किसिमले एकैसाथ बाँधिएको हुन्छ।

**प्रेम र मित्रता**

मानिस एकलो रहनु असल छैन भन्ने कुरा परमेश्वरले नै भन्नुभयो। उहाँ मानिसको करङ्गबाट स्त्री बनाउनुभयो र साथीको रूपमा तिनलाई दिनुभयो।

मात्यु हेनरीले लेखेका छन् कि आदमले आफ्नी पत्नीलाई कुल्चुन् भनेर तिनलाई उनका खुट्टाबाट बनाउनुभएन। उनीमाथि शासन गरून् भनी उनकी पत्नीलाई उनको शिरको हाड़बाट झिक्नुभएन। तर परमेश्वरले आदमको हृदय नजीकैको करङ्गको हाड़बाट उनकी पत्नीलाई बनाउनुभयो, यसरी उनले आफ्नी पत्नीलाई प्रेम गर्न, सुरक्षा गर्न र आफैसँग राख्न सक्ने भए।

विवाहको आनन्द पति र पत्नीको बीचको प्रेम र घनिष्ठतामा भर पर्छ। हव्वा आदमकी अङ्ग थिइन्। पति र पत्नी एक-अर्काका अङ्ग बन्छन्। तिनीहरूका जीवनहरू एउटै जीवनमा गाँसिन्छ र एकलै रहेर त्यो पूरा हुँदैन। एफिसी ५:२८-ले बताउँछ, "पतिहरूले पनि आ-आफ्ना पत्नीलाई आफ्नै शरीरलाई झैं प्रेम गर्नुपर्छ।"

**तपाईंको अभ्यासको निम्ति**

**१ १** विवाहको आनन्द केमा भर पर्छ?

**क** आनन्दित जीवन जिउनको निम्ति प्रशस्त रुपियाँ-पैसामा

**ख** पति घरको मालिक भएकोमा

**ग** पति र पत्नीको बीचको प्रेम र घनिष्ठताको सम्बन्धमा।

**माता-पिता**

विवाहले प्रायःजसो मानिस र उनकी पत्नीलाई आमा-बाबु हुने जिम्मेवारी ल्याउँछ। तिनीहरूको विवाहले घर र परिवारको सृजना गर्छ, जहाँ छोराछोरीहरू जन्मन सक्छन् र बाबु र आमाको प्रेम र वास्ता पाउन सक्छन्। परमेश्वरले आदम र हव्वालाई भन्नुभएको वचनले देखाउँछ कि माता-पिता हुनुपर्ने उहाँकै योजनाको भाग हो: "फल्दै-फुल्दै, वृद्धि हुँदै, पृथ्वीमा भरिँदै र त्यसलाई आफ्नो वशमा पार्दै जाओ" (उत्पत्ति १:२८)।

छोराछोरीहरू परिवारमा जन्मेपछि तिनीहरूको वास्ता गर्ने र स्थिर र मिलनसार पारिवारिक जीवन उपलब्ध गरिदिने जिम्मेवारी आमा-बाबुमा छ। छोराछोरीहरूलाई ठीक किसिमको वातावरण दिनुपर्छ, जहाँ उनीहरू बढ्छन् र परमेश्वरलाई चिन्न सक्छन् भन्ने विषयमा उहाँले सरोकार राख्नुहुन्छ। केटाकेटीहरूमाथि भएको येशूको प्रवृत्ति बुझ्नको लागि मर्कूस १०:१३-१६ पढ्नुहोस्।

### तपाईंको अभ्यासको निम्ति

**१२** **ठीक** बयानहरूका अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।

**क** वृद्धि हुनको लागि केटाकेटीहरूलाई स्थिर घरको आवश्यकता पर्छ।

**ख** विवाहको सम्बन्धमा भएको परमेश्वरको योजनामा केटाकेटीहरूको वास्ता गरिएको छैन।

**ग** कटाकेटीहरूका निम्ति भएको आफ्नो प्रेमको बारेमा येशूले विशेष प्रकारले उल्लेख गर्नुभएको छ।

**१३** केटाकेटीहरूले घरमा के कुरा प्राप्त गर्नु आवश्यक छ?

.....................................................................

## विवाहः पवित्र सम्बन्ध

### एउटै पुरुष– एउटै स्त्री

आदम र हव्वाबाहेक संसारमा अरू कुनै पनि मानिसहरू थिएनन्। संसारमा छिट्टै नै मानिसहरू बढ्न सक्छन् भन्ने उद्देश्यले परमेश्वरले आदमलाई एउटाभन्दा बढ़ी पत्नी दिनुपर्ने थियो भनी कोही-कोहीले विचार गर्छन् होला। तर सधैंभरि असल कुरा जान्नुहुने परमेश्वरले, उनलाई एउटै पत्नी मात्र दिनुभयो। परमेश्वरको योजना नै यही थियो। विवाहको सम्बन्धमा भएको परमेश्वरको आदर्श नै यही हो। उहाँले स्थापना गर्नुभएको आदर्श विवाहमा एउटा पुरुषको निम्ति एउटै स्त्री मात्र परमेश्वरले जुटाउनुभएको छ।

"यसैकारण मानिसले आफ्ना बाबु र आमालाई छोड़ेर आफ्नी स्वास्नीसँग मिलिरहन्छ, र ती दुइ जना एउटै शरीर

हुनेछन्। ती अब दुइ होइनन् तर एउटै शरीर हुन्छन्। यसकारण परमेश्वरले जसलाई एकसाथ जोर्नुभएको छ, त्यसलाई कुनै मानिसले नछुट्ट्याओस्'' (मतियोस १९:५-६)।



पुरुष र स्त्री एउटै हुनेछन् भनी येशूले बताउनुभयो। हामीले विभिन्न चलनहरूलाई अपनाउने कोशिश गर्नुहुँदैन, किनभने बाइबलको शिक्षा नै यही हो। संसारको कुनै-कुनै भागमा एक पुरुषले एकभन्दा बढ़ी पत्नी विवाह गर्ने चलन पनि छ। कुनै देशमा एक स्त्रीले एकभन्दा बढ़ी पुरुष विवाह गर्ने चलन पनि छ। कुनै अरू ठाउँमा परिवारका सबै छोराहरूले उही स्त्रीसँग विवाह गर्छन्। कुनै-कुनै ठाउँमा मानिसहरूले आफ्ना पत्नीहरूको व्यापार गर्छन्। अरूहरू कति जना विवाह नै नगरी एकैसाथ बस्छन्। विभिन्न चलनहरूले ठीक किसिमको विवाहको निम्ति व्यावहारिक अगुवाइ दिँदैनन् भन्ने कुरा तपाईंले देख्नुभएको छ। यसको निम्ति तपाईं परमेश्वरको वचनमा जानुपर्छ।

### तपाईंको अभ्यासको निम्ति

**१४** बाइबलअनुसार, परमेश्वरले स्थापना गर्नुभएको आदर्श विवाहमा ....... पुरुषहरूको निम्ति............ स्त्री मात्र परमेश्वरले जुटाउनुभएको छ। यसरी संलग्न भएको ........... ले परिवारको निर्माण गरेको हुन्छ।

## यस सम्बन्धको बारेमा परमेश्वरको व्यवस्था

मानिस र उसकी पत्नीको यस सम्बन्ध वा एकपनलाई केही कुराले पनि तोड्नुहुँदैन भनी येशूले सिकाउनुभयो। जब परमेश्वरले मोशाद्वारा दश आज्ञाहरू दिनुभयो, मानिस र उसकी पत्नीको सम्बन्धलाई नाश गर्ने पापहरूका विरुद्धको व्यवस्थालाई उहाँले संलग्न गर्नुभयोः "व्यभिचार नगर। अर्काकी स्वास्नीको लालच नगर" (प्रस्थान २०:१४,१७)।

विवाह भइसकेको व्यक्तिले आफ्नै पति वा पत्नीबाहेक अरू कसैसँग यौन सम्बन्ध राख्छ भने, त्यसले व्यभिचार गर्छ\गर्छे र परमेश्वरको व्यवस्थालाई भङ्ग गर्छ\गर्छे। यो अनैतिक कार्य हो। कसैकी स्वास्नी वा कसैको लोग्नेको चाहना गर्नु पनि पाप हो। "तर म तिमीहरूलाई भन्दछु, जसले कोही स्त्रीलाई कामवासनाको इच्छा (कुइच्छा)-ले हेर्छ, त्यसले अघिबाटै आफ्नो हृदयमा त्यससँग व्यभिचार गरिसकेको हुन्छ," (मतियोस ५:२८)। अनैतिकताको विरुद्धमा भएको परमेश्वरको चेताउनीलाई नयाँ करारले जोड़ दिएको छ। सबैका बीचमा विवाहचाहिँ आदरणीय होस्, पति र पत्नी एक-अर्कामा विश्वासयोग्य होऊन्, किनकि दुराचारी (अनैतिक) र व्यभिचारीहरूको इन्साफ परमेश्वरले गर्नुहुन्छ (हिब्रू १३:४)।

**तपाईंको अभ्यासको निम्ति**

**१५** हिब्रू १३:४-लाई कण्ठ गर्नुहोस्। आफूले जानेको छुजस्तो लागेपछि यसलाई लेख्नुहोस्। त्यसपछि यस पाठमा वा तपाईंको बाइबलमा यसलाई जाँच्नुहोस्।

## विवाहः संसारको निम्ति महत्त्वपूर्ण

विवाह मानव-जातिको निम्ति परमेश्वरको योजनाको भाग हो भन्ने कुरा यस पाठलाई दोहोऱ्याएर हेर्दा हामी देख्न सक्छौं। विवाहको निम्ति भएको परमेश्वरको शिक्षा र नमूनालाई हामीले पालन गऱ्यौं भने हाम्रो घर आनन्दित हुन सक्छ। घरमा भएका हाम्रा अनुभवहरूले धैरै आत्मिक सत्यताहरूलाई अझै राम्रोसँग बुझ्नको लागि सहायता पुऱ्याउँछन्।

पति र पत्नी, आमा-बाबु र छोराछोरीहरूले परिवारमा प्रेम, मैत्रीभाव, र एक-अर्काको खाँचोको महसूस गर्न सकून् भनी परमेश्वरले उद्देश्य राख्नुभएको छ।

उहाँले परिवारलाई समाजको आधारभूत अङ्गको रूपमा स्थापित गर्नुभएको छ। उहाँले दिनुभएका नैतिक स्तरका नियमहरूअनुसार नै पुरुष र स्त्रीहरूले समाजमा जिउनुपर्छ। मिलापमा एकैसाथ जिउन सिकेकाहरू आनन्दित परिवारबाट आएका हुन्छन् र अरूहरूसँग मिलापमा जिउनको निम्ति यसले तिनीहरूलाई सहायता पुऱ्याउँछ। उच्च आदरको स्थानमा भएका समुदायहरू इज्जतदार र असल परिवारहरू मिलेर बनेका हुन्छन्। असल परिवारहरूले असल समुदायहरू बनाउँछन् र असल समुदायहरूले असल राज्यहरू बनाउँछन्।

तब प्रत्येक परिवारले परमेश्वरको स्तरलाई ग्रहण गर्नु र आनन्दको निम्ति उहाँका नियमहरू पालन गर्नु कति महत्त्वपूर्ण छ! घरलाई भत्काउने कुराहरूको विरुद्धमा सचेत रहनु कति महत्त्वपूर्ण छ! तपाईंको परिवार र तपाईंको घरको बारेमा परमेश्वरले भन्नुभएका कुराहरू सिक्नु तपाईंको निम्ति कति महत्त्वपूर्ण छ! प्रत्येक पाठलाई अध्ययन गर्दा र सिकेका कुरालाई व्यवहारमा प्रयोग गर्दा परमेश्वरले तपाईंलाई आशिष् दिनुभएको होस्।

**१६** ठीक वाक्यको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्। समाजको आधारभूत एकाइ कुन हो?
**क** विद्यालय
**ख** एकलेसिया (मण्डली)
**ग** परिवार

**१७** आनन्दित परिवारका कम-से-कम दुइ महत्त्वपूर्ण प्रभावहरूलाई आफ्नो अभ्यास-पुस्तिकामा लेख्नुहोस्।

तपाईंको घर र तपाईंको परिवारका सदस्यहरूको निम्ति अहिले नै प्रार्थना गर्नुहोस्। तपाईंको घरले तपाईंको समाजमा साँचो प्रभाव पार्न सकेको होस् भनी परमेश्वरसँग प्रार्थना गर्नुहोस्। यस पाठमा तपाईंले सिक्नुभएको कुरालाई व्यवहारमा प्रयोग गर्नको निम्ति उहाँले तपाईंलाई सहायता गर्न सक्नुहुन्छ। यी पाठहरूलाई विभिन्न भाषामा अध्ययन गरिरहेका संसारभरिका सबै विद्यार्थीहरूका बारेमा विचार गर्नुहोस्। परमेश्वरले चाहनुभएको जस्तो घर तिनीहरूको होस् भनी तिनीहरूका निम्ति प्रार्थना गर्नुहोस्।

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

अध्ययन प्रश्नहरूका उत्तरलाई तपाईंले पहिल्यै देख्न नसक्नुभएको होस् भन्ने हेतुले तिनीहरूलाई क्रमिक रूपमा राखिएका छैनन्। तपाईंलाई चाहिने उत्तर मात्र हेर्नुहोस् र त्यसलाई पहिले नै हेर्ने कोशिश नगर्नुहोस्।

६ ख. परमेश्वरको अगाड़ि स्त्री र पुरुषको स्थायी सम्बन्ध हो।

१ विवाह।

१० वैधानिक, नैतिक।

२ आदमको करङ्गबाट।

११ ग पति र पत्नीको बीचको प्रेम र घनिष्ठताको सम्बन्धमा।

३ परमेश्वर।

१२ **क** ठीक
**ख** बेठीक
**ग** ठीक

४ **क** बेठीक
**ख** ठीक
**ग** ठीक

१३ आफ्ना आमा-बाबुको प्रेम र वास्ता।

५ पाप

१४ एक, एक, दुइ

६ बाइबलमा

१५ तपाईंले कण्ठ गर्नुभएको पदलाई लेख्नुहोस् र त्यसलाई जाँच्नुहोस्।

७ क. शान्ति
ङ. समभ्क
च. आनन्द

१६ ग. परिवार

८ तपाईंको उत्तर

१७ आनन्दित परिवारबाट आउनेहरू सजिलैसँग अरूहरूसँग घुलमिल हुन सक्छन्। असल परिवारहरूले असल समुदायहरू बनाउँदछन् र असल समुदायहरूले असल राज्यहरू बनाउँछन्।